# <u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u>**ः (१) यस ऐनको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन(दोस्रो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५को दफा ८ मा संशोधनः</u>** प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. **<u>प्रसारण सुरु गर्नु पर्ने अवधिः</u>** (१) दफा ७ को उपदफा (१) बमोजिम इजाजत प्राप्त गरेको एक बर्षभित्रमा अनिवार्य रूपमा प्रसारण गर्नु पर्नेछ र त्यस्तो कार्य प्रसारण हुनुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समय तालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत सञ्चार रजिष्ट्रार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त गरेको एक वर्षभित्र प्रसारण नगरेमा सोअवधि समाप्त

हुनु अगावै मनासिव कारण देखाई म्याद थपको लागि निवेदन दिएमा सञ्चार रजिष्ट्रारले छ महिनाका लागि प्रसारण गर्ने अवधि थप गरिदिन सक्नेछ।

(३) यस दफा बमोजिम प्रसारण सुरु गर्नु पर्ने अवधिभित्र प्रसारण नगरेमा संस्थाले प्राप्त गरेको फ्रिक्वेन्सीका सम्बन्धमा आवश्यक कारबाहीका लागि सञ्चार रजिष्ट्रारले मन्त्रालयमार्फत नेपाल सरकार समक्ष लेखी पठाउनु पर्नेछ।"

३. **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>**: मूल ऐनको दफा २६ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम सचेत गराउँदा समेत यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै सामाग्री प्रकाशन गरेमा मन्त्रालयले यस्तो प्रकाशन संस्थाले प्राप्त गरेको प्रमाणपत्र रद्द गर्न सक्नेछ।"

(२) उपदफा (४) मा रहेको "इजाजतपत्र" भन्ने शब्दको सट्टा "प्रमाणपत्र" भन्ने शब्द राखिएको छ।

४. **<u>मूल ऐनको दफा ३६ मा संशोधन</u>: मूल ऐनको दफा ३६ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थप गरिएको छः-**

"(ग१) प्रदेश सरकारका लोक कल्याणकारी सूचना तथा विज्ञापनलाई प्रदेशमा दर्ता भएका सञ्चार माध्यमलाई मन्त्रालयले तोकिएको कार्यविधि बमोजिम वितरण गर्ने।"

५. **<u>मूल ऐनको दफा ४४ मा संशोधन</u>**: मूल ऐनको दफा ४४ को उपदफा (३) झिकिएको छ।

६. **<u>मूल ऐनको दफा ४६ मा संशोधन</u>**: मूल ऐनको दफा ४६ को उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छः-

"(१क) कुनै सञ्चार माध्यमले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा त्यस्तो सञ्चार संस्थाका सम्बन्धमा प्रचलित सङ्घीय कानून बमोजिम कारबाहीका लागि सञ्चार रजिष्ट्रारको कार्यालयले मन्त्रालयमार्फत नेपाल सरकार समक्ष लेखी पठाउन सक्नेछ।"

७. **<u>मूल ऐनको दफा ५३ पछि ५३क. थप</u>**: मूल ऐनको दफा ५३ पछि देहायको ५३क. थप गरिएको छः-

"५३क. **<u>क्षमता विकासको कार्यक्रम सञ्चालन गर्न सक्ने</u>**: प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यम लक्षित गरी अध्ययन सामग्री उत्पादन तथा वितरण र क्षमता विकासका लागि सञ्चार रजिष्ट्रारको कार्यालयले तालिम, लेखनबृत्ति तथा प्राविधिक परामर्श कार्यक्रम सञ्चालन गर्न सक्नेछ।"

८. **<u>मूल ऐनको दफा ५४ पछि ५४क. थप</u>**: मूल ऐनको दफा ५४ पछि देहायको ५४क. थप गरिएको छः-

"५४क. **पुरस्कार प्रदान गर्न सकिने**: प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिएको मापदण्ड र तोकिएको विधामा पुरस्कृत गर्न सक्नेछ।"

बागमती प्रदेश सभाको संवत् २०८० साल असोज महिनाको २२ गते बसेको बैठकले प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको हुँदा प्रदेश प्रमुखबाट प्रमाणीकरणको लागि नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गरी संविधानको धारा १९९ बमोजिम पेस गर्दछु।

............................

भुवन कुमार पाठक

सभामुख

बागमती प्रदेश सभाको सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

...................

यादवचन्द्र शर्मा

प्रदेश प्रमुख

मितिः / /